मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २८२ • २०८३ साल असोज ०१ गते बिहीबार • Thursday 17, September 2026 • सूर्योदय: बिहान ०५:४७ बजे • सूर्यास्त: साँझ ०६:११ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## आज बाबा विश्वकर्मा दिवस



**मधेशदृष्टि**
**वीरगंज।**
आज असोज १ गते अर्थात् बाबा विश्वकर्मा दिवस । वीरगंजसहित देश–मधेशमा मूर्तिकारहरूले विश्वकर्मा बाबाको पूजाका लागि बुधबार नै मूर्ति बनाउने र बजारसम्म पु¥याउने काम सकेका छन्।

हरेक वर्ष असोज १ गते उद्योग, कलकारखाना, निर्माण तथा प्राविधिक क्षेत्रमा विश्वकर्मा पूजा गरिन्छ र यसका लागि विश्वकर्मा बाबाको मूर्ति आवश्यक हुने गर्छ। विश्वकर्मा पूजा धार्मिक आस्थासँगै श्रम, सीप, प्रविधि र उत्पादनसँग जोडिएको पर्वका रूपमा मनाइन्छ। यसदिन उद्योग, वर्कशप तथा यातायातका साधनमा प्रयोग हुने औजार र मेसिनको पूजा गर्ने चलन छ । पूजा सम्पन्न भएपछि भोलिपल्ट मूर्ति नदी, तालमा सेलाउने परम्परा छ।

## २४ वर्षमै यस्तो धन्दा:
# १ अर्ब ३४ करोड भन्दा बढीको हुण्डी कारोबारी पक्राउ

*मंगलबार साँझ शहीदनगर नगरपालिका–४ का २४ वर्षीय अजयकुमार मुखिया वडा नम्बर ८ बाट पक्राउ परेका हुन् । उनले विभिन्न समयमा व्यक्तिगत तथा व्यावसायिक बैंक खाता प्रयोग गरी १ अर्ब ३४ करोड ७८ लाख ३९ हजार ३ सय ४४ रुपैयाँ बराबरको अवैध हुण्डी कारोबार गरेको पुष्टि भएको छ।*




**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले १ अर्ब ३४ करोड ७८ लाख ३९ हजार ३ सय ४४ रुपैयाँभन्दा बढीको अवैध हुण्डी कारोबारमा संलग्न रहेको आरोपमा धनुषाका २४ वर्षीय युवकलाई पक्राउ गरेको छ।

शहीदनगर नगरपालिका–४ घर भएका २४ वर्षीय अजयकुमार मुखिया सिआइबीको नियन्त्रणमा परेका हुन्। उनलाई शहीदनगर नगरपालिका–८ बाट मंगलबार साँझ पक्राउ गरिएको सिआइबीले जानकारी दिएको छ।

मुखियाले मलेसियालगायत विभिन्न मुलुकबाट अवैध रूपमा हुण्डी कारोबार गरिरहेको सूचना पाएपछि सिआइबीले मुखियाको खोजी गरेको थियो। अनुसन्धानमा विभिन्न समयमा व्यक्तिगत तथा व्यावसायिक बैंक खाता प्रयोग गरी मुखियाले १ अर्ब ३४ करोड ७८ लाख ३९ हजार ३ सय ४४ रुपैयाँ बराबरको अवैध हुण्डी कारोबार गरेको पुष्टि भएको छ।

कारोबारमा संलग्न उनीमाथि धनुषा जिल्ला अदालतबाट पक्राउ अनुमति लिएर सिआइबी र जिल्ला प्रहरी कार्यालय धनुषाको संयुक्त टोलीले नियन्त्रणमा लिएको हो । सिआइबीका अनुसार पक्राउ परेका मुखियामाथि हुण्डीसम्बन्धी कारोबार गर्न नहुने कसुरमा थप अनुसन्धान भइरहेको छ । साथै, अवैध कारोबारमा संलग्न अन्य व्यक्तिको खोजी तथा अनुसन्धानसमेत तीव्र पारिएको प्रहरीले जनाएको छ।

हुण्डी कारोबारमार्फत विदेशबाट नेपालमा रकम भित्र्याउने तथा नेपालबाट विदेशमा रकम पठाउने गतिविधि हुँदै आएको विषयमा सिआइबीले अनुसन्धान गरिरहेको छ । प्रहरीले अवैध वित्तीय कारोबारसम्बन्धी सूचना उपलब्ध गराउन सर्वसाधारणलाई आग्रह गरेको छ।

## प्रसूति सेवामा बदमासीको घटनाको प्रतिवेदन तयार
# दोषी कारबाहीमा पर्ने



**मधेशदृष्टि**
**राजविराज।**
सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल परिसरबाहिर प्रसूति सेवाका लागि पुगेकी महिलाले शिशु जन्माउनुपरेको घटनाबारे गठित अनुगमन समितिले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयलाई प्रतिवेदन बुझाएको छ।

घटनाको सत्यतथ्य छानबिनका लागि नेपाल मेडिकल काउन्सिलका रजिष्ट्रार डा. सुप्रभात श्रेष्ठको संयोजकत्वमा गठित टोलीले अस्पतालको स्थलगत अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन तयार पारेको हो।

टोलीमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका विज्ञ डा. पवनजंग रायमाझीसहित नेपाल मेडिकल काउन्सिलका विज्ञ तथा सदस्यहरू डा. विजय कापरी, डा. अजयकुमार शाह, डा. सारिका गोइत र डा. रविन बस्नेत सहभागी थिए।

अनुगमन टोलीले २०८३ भदौ २५ देखि २७ गतेसम्म अस्पतालको स्थलगत निरीक्षण गरेको थियो। टोलीले घटनासँग सम्बन्धित तथ्य तथा प्रमाण संकलन गर्नुका साथै अस्पतालको सेवा प्रवाह, स्वास्थ्यकर्मीको भूमिका र अस्पताल प्रशासनको जिम्मेवारीबारे अध्ययन गरेको थियो।

प्रतिवेदन प्राप्त भएपछि त्यसमा उल्लेख भएका तत्काल गर्नुपर्ने प्रशासनिक काम अघि बढाउने मन्त्रालयले जनाएको छ । चिकित्सक, नर्स तथा प्रशासनिक कर्मचारीबाट आचारसंहिता उल्लङ्घन भएको देखिएका विषयमा आवश्यक कारबाहीका लागि सम्बन्धित काउन्सिलमा पठाइएको मन्त्रालयको भनाइ छ । अनुगमन समितिले

बाँकी पृष्ठ ३ मा

# मेयर राजेशमान सिंहद्वारा पदभार ग्रहण



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले बुधबार पुनः महानगरपालिकाको पदभार ग्रहण गरेका छन्।

अख्तियारले दायर गरेको भ्रष्टाचारसम्बन्धी मुद्दामा विशेष अदालतबाट सफाइ पाएपछि मेयर सिंह पुनः जिम्मेवारीमा फर्किएका हुन् । बुधबार बिहान मेयर सिंह महानगरपालिका पुगेर कार्यालयमा रहेको आफ्ना गुरुको तस्बिरमा माल्यार्पण गरेपछि औपचारिक रूपमा पुनः पदभार सम्हालेका हुन्।

पदभार ग्रहणका बेला पूर्वमन्त्री प्रदीप यादवको पनि सहभागिता थियो । मेयर सिंह निलम्बनमा रहँदा उपमेयर इम्तियाज आलमले कार्यवाहक मेयरको भूमिका निर्वाह गरेका थिए । सिंहको पुनः पदभार ग्रहणसँगै वीरगंज महानगरपालिकाको नेतृत्व नियमित अवस्थामा फर्किएको छ।

# रास्वपाका नेता रोमन प्रतापद्वारा प्रहरीमा आत्मसमर्पण



**मधेशदृष्टि**
**महोत्तरी।**
ज्यान मार्ने उद्योगसम्बन्धी उजुरी परेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता रोमनप्रताप सिंहले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा आत्मसमर्पण गरेका छन्।

सिंहले मंगलबार फेसबुक लाइभमार्फत आफू प्रहरीसमक्ष उपस्थित हुने जानकारी गराएपछि जिल्ला प्रहरी कार्यालय महोत्तरीमा पुगेर आत्मसमर्पण गरेका हुन् । फेसबुक लाइभ लगत्तै उनी प्रहरी कार्यालय पुगेका थिए । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी निरीक्षक विश्वभार प्रसाद साहले सिंह आफैं प्रहरी कार्यालयमा उपस्थित भएको जानकारी दिए।

'उहाँ स्वयं कार्यालयमा उपस्थित हुनुभएको हो,' प्रहरी निरीक्षक साहले भने।

सिंहलाई आवश्यक अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको छ । उनीमाथि अनुसन्धान अघि बढाउन सरकारी वकिल कार्यालय महोत्तरीबाट तीन दिनको म्याद थप गरिएको प्रहरीले जनाएको छ।

यसअघि सोमबार सिंहलाई पक्राउ गर्न पुगेको प्रहरी टोलीलाई रास्वपाका सहमहामन्त्री तथा प्रतिनिधिसभा सदस्य हरि ढकालसहितका रास्वपा कार्यकर्ताले अवरोध गरेको समाचार सार्वजनिक भएको थियो । कार्यकर्ताको विरोधपछि पक्राउ गर्न पुगेको प्रहरी टोली रित्तै फर्किएको थियो।

त्यसपछि सिंहले फेसबुक लाइभमार्फत आफू प्रहरीसमक्ष उपस्थित हुने बताएका थिए।

गत जेठ १७ गते महोत्तरीको मनरा सिस्वा नगरपालिकामा रास्वपाको नगर अधिवेशन आयोजना गरिएको थियो । अधिवेशनका क्रममा रास्वपाकै कार्यकर्ताबीच झडप भएको थियो।

दुई पक्षबीच विवाद भएपछि तत्कालीन नगर सभापति रहेका सिंहले आफ्नो पक्षका कार्यकर्ता लगाएर असन्तुष्ट पक्षमाथि कुटपिट गराएको आरोप लागेको छ । झडपमा मनरा सिस्वा नगरपालिकाका सतीशकुमार कापरसहित पाँच जना घाइते भएका थिए।

असन्तुष्ट कार्यकर्तामाथि कुटपिट गराएको आरोपमा कापरले सिंहविरुद्ध जिल्ला प्रहरी कार्यालय महोत्तरीमा ज्यान मार्ने उद्योगसम्बन्धी जाहेरी दिएका थिए।

महोत्तरी जिल्ला अदालतले गत साउन ४ गते सिंहलाई पक्राउ गरी अनुसन्धान गर्न आदेश दिँदै पक्राउ पुर्जी जारी गरेको थियो । सोही पक्राउ पुर्जीका आधारमा प्रहरीले उनलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको हो।

# जनप्रतिनिधि र कर्मचारीमाथि हातपातपछि पालिकाको सेवा बन्द

**मधेशदृष्टि**
**महोत्तरी।**
औरही नगरपालिकाको कार्यालयमा जनप्रतिनिधि तथा कर्मचारीमाथि हातपात र तोडफोड भएको भन्दै नगरपालिकाले अत्यावश्यकबाहेकका सम्पूर्ण सेवा अनिश्चितकालका लागि बन्द गरेको छ।

नगरपालिकाका अनुसार बुधबार बिहान करिब ११:३० बजे केही व्यक्तिहरू नगर प्रमुख प्रदीपकुमार खड्काको कार्यकक्षमा प्रवेश गरी हुलहुज्जत तथा हातपात गर्नुका साथै कार्यालय परिसरमा तोडफोड गरेका थिए।

घटनामा अन्य जनप्रतिनिधि तथा कर्मचारीमाथि समेत हातपात र अभद्र व्यवहार भएको नगरपालिकाको भनाइ छ।

नगरपालिकाका कर्मचारीहरूले जारी गरेको प्रेस विज्ञप्तिमा गुनासो तथा असमझदारीलाई संवाद, विधिको शासन र कानुनी प्रक्रियामार्फत समाधान गर्नुपर्नेमा ठूलो समूहमा आएर कार्यालयमा तोडफोड तथा जनप्रतिनिधि र कर्मचारीमाथि हातपात गर्नु गम्भीर र अमर्यादित कार्य भएको उल्लेख गरिएको छ।

तोडफोडका कारण सार्वजनिक सम्पत्तिमा क्षति पुगेको तथा जनप्रतिनिधि र कर्मचारीको सुरक्षामा समेत प्रश्न उठेको भन्दै नगरपालिकाले घटनाप्रति गम्भीर आपत्ति जनाएको छ । यस्ता घटनाले सेवामा खटिने कर्मचारीको मनोबलमा समेत असर परेको विज्ञप्तिमा उल्लेख छ।

नगरपालिकाले घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी प्रचलित कानुनबमोजिम अनुसन्धान तथा कारबाही गर्न माग गरेको छ । साथै, तोडफोडबाट भएको सार्वजनिक सम्पत्तिको क्षति सम्बन्धित पक्षबाट भराउन सम्बन्धित निकायसँग आग्रह गरेको छ।

कर्मचारी तथा जनप्रतिनिधिको पूर्ण सुरक्षाको प्रत्याभूति नभएसम्म औरही नगरपालिका तथा मातहतका कार्यालयबाट प्रवाह हुने अत्यावश्यकबाहेकका सम्पूर्ण सेवा अनिश्चितकालका लागि बन्द गरिएको नगरपालिकाले जनाएको छ।

घटनाबारे जिल्ला प्रशासन कार्यालय महोत्तरी, गृह मन्त्रालय तथा भूमि व्यवस्था, सहकारी तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई समेत जानकारी गराइएको छ।

# बालिका बलात्कार प्रकरणका मुख्य अभियुक्त कारागार चलान



**मधेशदृष्टि**
**जनकपुरधाम।**
डेढ वर्षअघि जनकपुरका दुई होटलमा १९ दिनसम्म बालिकालाई बन्धक बनाएर जबरजस्ती करणी गरेको अभियोग लागेका मुख्य अभियुक्त ताहिर राइन पुर्पक्षका लागि कारागार चलान भएका छन्।

धनुषा जिल्ला अदालतले २६ भदौमा २३ वर्षीय राइनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो। उनलाई कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

घटना २० लाख रुपैयाँमा मिलाउन दबाब दिएको आरोप लागेका धनौजी गाउँपालिका–५ का वडाध्यक्ष याकुब कवारी भने एक लाख रुपैयाँ धरौटीमा छुटेका छन् । उनलाई सोमबार धनुषा जिल्ला अदालतले धरौटीमा छाड्ने आदेश दिएको हो। कवारी धरौटी बुझाएर छुटेको प्रहरीले जनाएको छ । घटनापछि

बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# सुशासनविहीन मधेश र सुरक्षाहीन नागरिक

मधेश प्रदेशमा पछिल्लो समय सिर्जना भएको सामाजिक र राजनीतिक परिस्थिति निकै चिन्ताजनक बनेको छ । एकतर्फ आपराधिक गतिविधि र घट्नाहरूको ग्राफ निरन्तर उकालो लागिरहेको छ भने अर्कोतर्फ जनतालाई सुरक्षा दिने दायित्व बोकेका निकायहरूको उपस्थिति कमजोर देखिन थालेको छ । चोरी, डकैती, तस्करी, हत्या र महिलामाथिका हिंसा जस्ता घटना दैनिकजसो सार्वजनिक भइरहँदा आम नागरिकमा त्रास फैलाएको छ । शान्ति सुरक्षाको प्रत्याभूति गराउनुपर्ने समयमा बढेको यो अराजकताले राज्यको प्रशासनिक संयन्त्रमाथि नै गम्भीर प्रश्न खडा गरेको छ।

नागरिकका सुख–दुःखमा साथ दिनुपर्ने जनप्रतिनिधिहरू नै विवाद र कानुनी कारबाहीको घेरामा पर्नु अर्को ठूलो त्रासदी बनेको छ । कतिपय स्थानीय र प्रदेश तहका प्रतिनिधिहरू भ्रष्टाचार, ठगी र आपराधिक क्रियाकलापमा संलग्न भएको अभियोगमा पक्राउ परेका छन् भने कतिपय पदमुक्त भएका छन्। जनताले मत दिएर पठाएका प्रतिनिधिहरू नै कानुनी झमेला र जेलको पर्खालभित्र सीमित भएपछि स्थानीय सरकार अभिभावकविहीन जस्तै बनेका छन् । यसले जनप्रतिनिधिप्रतिको जनविश्वास मात्र तोडेको छैन, सुशासनको धज्जी समेत उडाएको छ।

राजनीतिक नेतृत्व र स्थानीय निकायमा देखिएको यो अन्योलको प्रत्यक्ष असर प्रदेशको शान्ति सुरक्षा र प्रशासनमा परेको छ । सुशासनको पूर्ण अभावका कारण कानुनी राज्यको अवधारणा कागजमै सीमित हुन पुगेको छ । जब कानुनको पालना गराउने र नीति निर्माण गर्नेहरू नै गैरजिम्मेवार बन्छन्, तब समाजमा अपराधी र अवाञ्छित तत्वहरूको मनोबल स्वतः उच्च हुन्छ । अहिले मधेशमा ठ्याक्कै यही स्थिति दोहोरिरहेको छ, जहाँ कानुनी शासनको साटो दण्डहीनताले प्रश्रय पाइरहेको छ।

सुरक्षा निकायहरूको फितलो उपस्थिति र कमजोर अनुगमनका कारण सर्वसाधारणले राज्यको उपस्थिति अनुभूत गर्न पाएका छैनन् । साँझ पर्नेबित्तिकै सडक र बस्तीहरूमा डरको वातावरण सिर्जना हुनु आधुनिक र लोकतान्त्रिक समाजका लागि लज्जास्पद विषय हो । नागरिकले आफ्नो धनजनको सुरक्षाका लागि भौँतारिनु पर्ने अवस्था आउनुले सुरक्षा संयन्त्रको कार्यशैलीमाथि ठूलो प्रश्नचिह्न खडा गरेको छ । जनताले खोजेको भाषण वा आश्वासन होइन, केवल आफ्नै घर–आँगनमा निर्धक्क भएर जिउन पाउने न्यूनतम सुरक्षाको अधिकार हो।

यस जटिल परिस्थितिलाई थप बिग्रन नदिन राज्य र सम्बद्ध पक्षहरू तुरुन्तै गम्भीर बन्नुपर्छ। अपराध नियन्त्रणका लागि सुरक्षा निकायलाई राजनीतिक प्रभावबाट मुक्त राखी कडा कदम चाल्न जरुरी छ । साथै, भ्रष्ट र आपराधिक गतिविधिमा संलग्न जोसुकै भए पनि बिना सहुलियत कानुनी दायरामा ल्याएर सुशासनको अनुभूति गराउनु पर्छ । जबसम्म सत्ता र शक्तिमा रहेकाहरू उत्तरदायी बन्दैनन् र सुरक्षा संयन्त्रले नागरिककेन्द्रित काम गर्दैन, तबसम्म मधेशमा शान्ति र समृद्धिको परल्पना अधूरा नै रहनेछ।

# सुरुङको खोजी सकिएपछि बाढीमा सम्पर्कविहीनलाई 'मृतक घोषणा गर्ने गृहकार्य'

**अशोक दाहाल/बीबीसी**

भोटेकोशी त्रिशूली बाढीपछि खोज, उद्धार तथा राहतको समन्वय गरिरहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले खोजी अभियानलाई टुङ्ग्याउने योजनामा छलफल भइरहेको जनाएको छ।

बाढीको २१औँ दिनसम्म पनि उद्धारकर्मीहरू विभिन्न जलविद्युत् आयोजनाका सुरुङजस्ता संरचना तथा भूमिगत विद्युत् गृहमा फसिरहेको ठानिएका मानिसहरूको खोजी गरिरहेका छन्।

विपद् प्राधिकरणले नदीको तटीय क्षेत्र तथा बाढीले क्षति पु¥याएका घर, विद्यालय, कार्यालयजस्ता संरचनाहरूमा भने खोजी करिब सकिएको जनाएको छ।

उद्धार टोली हालसम्म पनि रसुवामा रहेको चिलिमे जलविद्युत् आयोजनाको भूमिगत पावरहाउससम्म पुग्न सकेको छैन । नेपाली सेनाले अहिले भारतीय विशेषज्ञहरूसहितको टोलीसँग मिलेर उक्त विद्युत्गृहसम्म जाने सुरुङमा बाटो बनाइरहेको छ।

बुधवारसम्म चिलिमेको विद्युत्गृहसम्म उद्धार टोली पुग्ने ठानिएको संलग्न अधिकारीहरूले बताएका छन्।

सुरुङ संरचनामा खोजी सकिएपछि यो अभियान पनि अन्त्य गर्ने योजनामा छलफल हुने प्राधिकरणका कार्यकारी प्रमुख धर्मराज उप्रेतीले जानकारी दिए।

'नेपाली सेनाको नेतृत्वमा भइरहेको सुरुङको खोजी अब पूरा भयो भन्ने खालको सूचनालाई पनि आधार मान्छौँ । त्यसपछि खोजी र उद्धारका अन्तर्राष्ट्रिय मान्यताहरू छन्, त्यसलाई पनि र स्थानीय परिस्थितिलाई पनि आधार मानेर अघि बढ्ने भन्ने कुरा भएको छ,' उनले भने।

'आजको मितिसम्म हामीले कुनै निक्र्योल निकालेको अवस्था चाहिँ होइन । यसमा हामी काम गर्दै छौँ र सायद एकदुई दिनमा केही आउँछ होला।'

जलविद्युत् आयोजनाका सुरुङमा जारी खोजीकार्यले अझै केही दिन निरन्तरता पाउन सक्ने प्राधिकरण प्रमुखको भनाइ छ।

'केही आशाका साथ काम भइरहेका सुरुङको अवस्था के हुन्छ भनेर पनि हामी हेर्दै छौँ,' उप्रेतीले बीबीसी न्यूज नेपालीसँग भने।

सम्पर्कविहीनबारे 'केही दिनभित्र निर्णय लिइने'

खोजी अभियानको अन्त्यसँगै बाढीपछि सम्पर्कविहीन रहेका मानिसहरूलाई मृत घोषणा गर्न सकिनेबारे छलफल भइरहेको प्राधिकरण प्रमुख उप्रेतीले जानकारी दिए।

'हराएको र मृतक घोषणा गर्ने विषयमा पनि हाम्रो छलफल जारी छ । अहिलेको कार्यविधि र नियमावलीमा संशोधन गरेर जाने र हराएका वा बेपत्ता भएका व्यक्तिको सामान्य प्रक्रियाभन्दा फरक तरिकाले हेर्ने कि भन्ने कुरा पनि छलफलमा आएको छ,' उनले भने।

उनका अनुसार स्थानीय सरकारको प्रमाणीकरण, जिल्ला विपद् व्यवस्थापन समिति र सम्बन्धित परिवारको स्वघोषणामा त्यस्तो निर्णय लिनेबारे छलफल जारी छ।

'सीधै भन्दा पनि स्थानीय तहबाट आएको पत्र वा सम्बन्धित परिवारको स्वघोषणा, जिल्ला विपद् व्यवस्थापन समितिबाट आएको पत्रलगायते सबैलाई आधार मानेर निर्णय लिने भन्ने छ,' उप्रेती भन्छन्।

अबको केही दिनभित्रै यसबारे निर्णय लिइने उनले बताएका छन्।

प्राधिकरणका अनुसार हालसम्म ५,१३० जना मानिसहरू बाढीपछि सम्पर्कविहीन छन् । बाढीमा ज्यान गुमाएका १,३९५ जनामध्ये करिब १०० जनाको मात्रै शव पहिचान भएको छ।

**सुरुङमार्गको खोजीमा प्रगति के छ ?**

खास गरी सुरुङ संरचना भएका जलविद्युत् आयोजनाहरूमा खोजीकार्यको नेतृत्व गरिरहेको नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेत सरकार र सम्बन्धित आयोजनाहरूको निर्णयका आधारमा खोजीकार्य अन्त्य हुने बताउँछन्।

'हामीले नेपाल सरकारको निर्देशनबमोजिमको काम गरिरहेका छौँ । सम्बन्धित आयोजनाको प्राविधिकसँगको समन्वयमा काम भइरहेको छ,' बस्नेत भन्छन्।

'आयोजनाले पनि सरकारलाई त्यहीअनुसारको सिफारिस दिन्छ नि।'

अहिले उद्धार अभियानको पहिलो उद्देश्य चिलिमे आयोजनामा विद्युत्गृहसम्म पुग्ने रहेको बस्नेतले बताए।

बाढीको २१ दिनसम्म पनि उद्धारकर्मीहरू करिब २५० मिटर लामो सुरुङभित्र रहेको यो आयोजनाको विद्युत्गृह रहेको स्थानसम्म पुग्न सङ्घर्ष गरिरहेका छन्।

उद्धारस्थलमा रहेका आयोजनाका प्रबन्ध निर्देशक बाबुराजा महर्जनका अनुसार मङ्गलवार उद्धारकर्मीहरू १७५ मिटर भित्रसम्म पुगेका छन्।

'त्यहाँभन्दा भित्रको सुरुङ पानीले भरिएको भएर अगाडि बढ्न सक्नुभएन,' उनले भने।

'भित्र कति पानी छ भन्ने कुरा अझैसम्म थाहा भएको छैन । अलिकति उकालो भएको भएर त्यहाँभन्दा उता सहज होला भन्ने अपेक्षा छ।'

नेपाली सेनाले रसुवागढी जलविद्युत् आयोजना, अपर त्रिशूली १, अपर त्रिशूली ३ ए, अपर त्रिशूली ३ बी र लाङटाङ जलविद्युत् आयोजनास्थलबाट सम्पर्कविहीन मानिसहरूको खोजीमा आफ्नो जनशक्ति र स्रोत साधन केन्द्रित गरेको छ।

सैनिक प्रवक्ता बस्नेतका अनुसार रसुवागढीमा विद्युत्गृहको छैटौँ तलामा रहेको नियन्त्रण कक्षसम्म उद्धारकर्मीहरू पुगे पनि त्यसभन्दा तल बाढीले पुरेका तलाहरूबाट हिलो र भग्नावशेष हटाउने प्रयास भइरहेको छ।

बाढीको ११औँ दिनमा त्रिशूली ३ एको पुरिएको पावरहाउस क्षेत्रबाट दुई जना मानिसहरूको जीवितै उद्धार भएको थियो । त्यहाँसम्म पुग्न उद्धार टोलीले बाढीले पुरेको ठाउँ करिब ४० फीटसम्म खनेर प्रवेशमार्ग पहिल्याएको थियो।

दुई जनाको उद्धार सकिएपछि पहिरोले पुनः पुरेको उक्त मार्गलाई पन्छाएर पावरहाउसका अन्य क्षेत्रमा खोजी गर्ने प्रयास भइरहेको नेपाली सेनाका प्रवक्ताले बताएका छन्।

त्रिशूली ३ बीको विद्युत्गृहसहितका संरचना बाढीले पुरेका कारण त्यसलाई करिब ३० फीटसम्म खनेर मानिसहरूको खोजी गर्ने प्रयास भइरहेको नेपाली सेनाले जनाएको छ।

'त्यसमा खोतलेर जगहरू पनि फेला परिसकेको छ।

अरू केही फेला परेको छैन,' सैन्य प्रवक्ता बस्नेत त्रिशूली ३ बीबारे भन्छन्।

सबैभन्दा लामो सुरुङ संरचना रहेको अपर त्रिशूली १ मा मानिसहरू जान नसकिएका ठाउँमा ड्रोनको सहायतामा समेत खोजीकार्य चलिरहेको सेनाले जनाएको छ।

# भोटेकोशी बाढीको वैज्ञानिक अध्ययनका लागि समिति गठन

सरकारले रसुवाको भोटेकोशी बाढीको वैज्ञानिक आधार र प्रमाण खोज्न सात सदस्यीय विज्ञ अध्ययन समिति गठन गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले बुधबार जल नीति तथा सुशासन विज्ञ देवेश बेल्बासेको संयोजकत्वमा अध्ययन समिति गठन गरेको हो।

मन्त्रालयका प्रवक्ता मोहनकुमार शाक्यकाअनुसार समितिमा जलविद् (हाइड्रोलोजिस्ट) डा. नरेन्द्रमान शाक्य, ग्लेसियोलोजिस्ट डा रिजनभक्त कायस्थ, रिमोट सेन्सिङ विशेषज्ञ डा. उत्तमबाबु श्रेष्ठ, भूगर्भविद् (जियोलोजिस्ट) डा. मेघराज धिताल, जलविद्युत् पूर्वाधार विज्ञ डा. हरि पण्डित, विपद् जोखिम न्यूनीकरण विज्ञ अनिल पोखरेल सदस्य रहेका छन् । समितिले बाढीको उद्गम स्थलदेखि सम्पूर्ण तटीय क्षेत्र पुगेर स्थलगत अध्ययन गर्ने मन्त्रालयले जनाएको छ।

मन्त्रालयले बाढीको उत्पत्ति तथा त्यससँग जोडिएका हिमाली भू–जोखिमको वास्तविक कारण, घटनाक्रम र जलवायु परिवर्तनको सम्भावित भूमिकाबारे वैज्ञानिक अध्ययन गर्न लागेको हो।

प्रवक्ता शाक्यकाअनुसार रसुवा विनासकारी बाढीलाई केबल सामान्य बाढीका रूपमा नभई उच्च हिमाली क्षेत्रमा उत्पन्न भएका विभिन्न भौगोलिक, हिमनदीय, जलविज्ञानसम्बन्धी तथा अन्य जोखिमहरू एकपछि अर्को रूपमा जोडिँदै विकसित भएको सम्भावित 'श्रृंखलाबद्ध विपद्' का रूपमा अध्ययन गर्नुपर्ने जल तथा ऊर्जा आयोगको सचिवालयको प्रस्तावअनुसार मन्त्रालयले वैज्ञानिक अध्ययन गर्ने निर्णयमा पुगेको हो।

यसअघि जल तथा ऊर्जा आयोगको सचिवालयअन्तर्गतको जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रले प्रारम्भिक अध्ययन गरेको थियो । प्रारम्भिक अध्ययनमा हालसम्म रसुवा घटनाको उत्पत्ति कहाँबाट भयो, कुन भौतिक प्रक्रियाबाट विपद् सुरु भयो र ती प्रक्रिया कसरी भोटेकोशी–ल्हेन्दे नदी प्रणाली हुँदै तल्लो क्षेत्रमा फैलियो भन्ने विषयमा पर्याप्त रूपमा प्रमाणीकरण भएको वैज्ञानिक प्रमाण भेटिएको छैन । त्यसैले जलवायु परिवर्तनलाई घटनाको कारणका रूपमा निष्कर्ष निकाल्नुअघि सम्पूर्ण घटनाक्रमको वैज्ञानिक अध्ययन आवश्यक रहेको सुझाव केन्द्रले दिएको थियो।

अब समष्टिगतरूपमा भूगर्भ, तापक्रम र पानीको समग्र अध्ययन हुन लागेको हो। भोटेकोशीमा आएको बाढीले त्रिशूली करिडोर प्रभावित भएजस्तै यस्तो विपद् अरु नदी प्रणालीमा आउँदा ऊर्जा मन्त्रालयको विभिन्न पूर्वाधारमा प्रत्यक्ष प्रभाव पर्ने भएकाले अध्ययनका लागि मन्त्रालयले यो अग्रसरता लिएको प्रवक्ता शाक्यले बताउनुभयो।

उहाँका अनुसार रसुवा बाढीबाट ऊर्जा पूर्वाधारमा पुगेको क्षतिबाट पाठ सिकेर दीर्घकालीन रूपमा कसरी पूर्वतयारी गर्ने, जलविद्युत् उत्थनशीलता (जलवायु परिवर्तन, बाढी, खडेरी वा अन्य प्राकृतिक प्रकोपहरूसँग जुध्न र सङ्कटापन्न अवस्थामा पनि निरन्तर बिजुली उत्पादन गरिरहन सक्ने जलविद्युत् क्षमता) कसरी कायम गर्ने भन्ने पनि अध्ययन हुनेछ।

मन्त्रालयका अनुसार तीन चरणमा अध्ययन हुनेछ । पहिलो चरणमा उच्च हिमाली क्षेत्रदेखि भोटेकोशी÷ल्हेन्दे नदी प्रणाली र तटीय क्षेत्रसम्मको घटनाको समयक्रम तथा भौगोलिक क्षतिको अध्ययन गरिनेछ । यस क्रममा हिमनदी, चट्टानी तथा माटोको ढलान अस्थिरता, पहिरो, लेदो, नदीको बहाव र बाढीबीचको अन्तरसम्बन्ध अध्ययन गरिनेछ।

दोस्रो चरणमा घटनाका तत्कालीन तथा अन्तर्निहित भौतिक कारण पहिचान गरिनेछ । तेस्रो तथा महत्त्वपूर्ण चरणमा मानवजनित जलवायु परिवर्तनले यी जोखिमहरूको सम्भावना, तीव्रता वा पूर्वतयारी अवस्थामा कति प्रभाव पारेको थियो भन्ने वैज्ञानिक रूपमा मूल्याङ्कन गरिनेछ।

यसअघि सन् २०२४ सेप्टेम्बर २६–२८ मा नेपालमा भएको अत्यधिक वर्षा, बाढी तथा पहिरोको घटनालाई अन्तरराष्ट्रिय वैज्ञानिक अध्ययन समूह 'वल्ड वेदर एट्रिब्युसन' को अध्ययनले मानवजनित जलवायु परिवर्तनसँग सम्बन्धित प्रभावका रूपमा मूल्याङ्कन गरेको थियो । रसुवा–भोटेकोशीको घटना भने त्योभन्दा फरक प्रकृतिको हुन सक्ने भएकाले प्रत्यक्ष तुलना वा पूर्वनिर्धारित निष्कर्षभन्दा वैज्ञानिक प्रमाणका आधारमा अध्ययन गर्नुपर्ने निष्कर्षमा ऊर्जा मन्त्रालय पुगेको हो।

प्रस्तावित अध्ययनमा हिमनदी तथा हिममण्डल विज्ञान, भूगर्भशास्त्र, भूरूपविज्ञान तथा पहिरो विज्ञान, जलविज्ञान तथा नदी जलयान्त्रिकी, मौसम विज्ञान तथा जलवायु विज्ञान, रिमोट सेन्सिन, विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन कारक विश्लेषणलगायतका विषयका विशेषज्ञहरूलाई सहभागी गराउने तयारी छ।

भोटेकोशी÷ल्हेन्दे नदी प्रणालीको सीमापार प्रकृतिलाई ध्यानमा राख्दै चीनतर्फ उपलब्ध वैज्ञानिक तथा जलवैज्ञानिक सूचनासमेत अध्ययनमा समेट्ने र आवश्यक वैज्ञानिक सहकार्य तथा तथ्याङ्क आदानप्रदान संयन्त्र विकास गर्ने प्रस्ताव गरिएको छ।

उक्त मन्त्रालयका अनुसार प्रस्तावित उच्चस्तरीय वैज्ञानिक समितिले विपद्को सम्भावित उद्गमस्थलको स्थलगत भ्रमण गर्नेछ । स्थल निरीक्षणका क्रममा विस्तृत तस्वीर तथा भिडियो अभिलेख तयार गर्नुका साथै आवश्यकताअनुसार ड्रोन तथा सेटलाइट अवलोकन समेत प्रयोग गरिनेछ । मन्त्रालयले विज्ञ समितिलाई अध्ययनका लागि दुई महिनाको समय दिएको छ।

समितिको अध्ययनपछि घटनाको वैज्ञानिक प्रकृति र उत्पत्तिबारे स्पष्ट प्रमाणका आधारमा ऊर्जा मन्त्रालयले बाढीलाई उपयुक्त वैज्ञानिक नाम दिने योजनासमेत गरेको छ।

**अध्ययन किन ?**

रसुवा–भोटेकोशी घटनाको प्रकृति सामान्य अतिवृष्टि वा तापक्रमजन्य विपद्भन्दा फरक हुन सक्ने भएकाले जलवायु, हिममण्डल, भूगर्भ, भूरूप विज्ञान, जलविज्ञान तथा नदी प्रणालीबीचको अन्तरसम्बन्ध अध्ययन गर्नुपर्ने देखिएको मन्त्रालयले जनाएको छ।

प्रवक्ता शाक्यकाअनुसार अध्ययनले विशेषगरी घटनाको मूल कारण के थियो, कुन–कुन प्राकृतिक प्रक्रिया क्रमशः सक्रिय भए, ती प्रक्रियामा जलवायु परिवर्तनको भूमिका कति थियो र गैर–जलवायुगत कारणको योगदान कति थियो भन्ने प्रश्नको उत्तर खोज्नेछ।

यसका लागि विगतमा सोही नदी प्रणाली तथा आसपासका हिमाली क्षेत्रमा भएका समान प्रकृतिका घटनाको अभिलेखसमेत अध्ययन गरिनेछ । नदीको जोखिम तथा संवेदनशीलता, नदी किनारका बस्ती र पूर्वाधार, भौगोलिक बनावट तथा विगतका बाढी, पहिरो र हिमनदीसम्बन्धी घटनासँग तुलना गरिनेछ।

**अध्ययनमा के–के विषय समेटिने?**

प्रस्तावित अध्ययनमा मौसम तथा जलवायु तथ्याङ्क, जलप्रवाह तथा हाइड्रोलोजिकल तथ्याङ्क, हिमनदी तथा हिममण्डलसम्बन्धी तथ्याङ्क, भूगर्भीय तथा भूरूपात्मक सूचना, रिमोट सेन्सिङ तथा जिआईएस तथ्याङ्क प्रयोग गरिनेछ।

त्यसैगरी, घटनास्थलको स्थलगत अनुसन्धानमार्फत चट्टानको अवस्था, चिरा तथा कमजोर भू–भाग, ढलानको स्थिरता, पहिरोको सम्भावना, नदीको आकृति, उपलब्ध अवसाद तथा त्यसको बहावमा भएको परिचालनलगायत विषयको अध्ययन गरिनेछ।

विशेषगरी, घटनाको स्रोत क्षेत्रमा रहेको चट्टानको आकार, क्षेत्रफल, सम्भावित आयतन तथा तौल, कति भाग खसेको थियो र चट्टान खस्नुको सम्भावित कारण के थियो भन्ने विषयमा विस्तृत अध्ययन आवश्यक हुनेछ

**जलवायु परिवर्तनको भूमिका कसरी मूल्याङ्कन गरिने?**

अध्ययनमा घटना अघिको वर्षा, तापक्रम, हिमपात, हिउँ पग्लने अवस्था तथा उच्च हिमाली क्षेत्रमा विद्यमान जलवायुगत अवस्थाको विश्लेषण गरिने प्रवक्ता शाक्यले जानकारी दिनुभयो । साथै दीर्घकालीन तापक्रम तथा वर्षाको प्रवृत्ति, चरम वर्षाका घटना, नदीको बहाव र पुनरावृत्ति अवधिसमेत मूल्याङ्कन गरिनेछ।

हिमनदीको आकार तथा परिवर्तन, हिमनदीको मास ब्यालेनस, हिमताल तथा हिमनदीय जलविज्ञान, जम्ने–पग्लिने प्रक्रिया र स्थायी तुषारभूमिको अवस्था पनि अध्ययनको महत्त्वपूर्ण हिस्सा हुनेछ।

यसबाट जलवायु परिवर्तनले घटनाका लागि आवश्यक पूर्वअवस्था सिर्जना गरेको थियो कि थिएन, र यदि गरेको भए त्यसको योगदान कति थियो भन्ने वैज्ञानिक रूपमा परीक्षण गर्न सकिनेछ।

बहु–जोखिमको श्रृंखला पनि अध्ययन गरिने

रसुवा–भोटेकोशी घटना एउटै कारणबाट उत्पन्न भएको नभई हिममण्डलीय, भूगर्भीय, भूरूपात्मक तथा जलविज्ञानसम्बन्धी प्रक्रियाको क्रमिक अन्तरक्रियाबाट विकसित भएको हुन सक्ने भएकाले घटनाको सम्पूर्ण कार्य–कारण श्रृङ्खला अध्ययन गरिने प्रस्ताव छ।

सम्भावित श्रृंखलामा उच्च हिमाली क्षेत्रमा भएको परिवर्तन, चट्टान वा हिमचट्टानको अस्थिरता, मास मुभमेन्ट, नदीमा अवसादको प्रवेश तथा परिचालन, पानी र अवसादको मिश्रित बहाव र त्यसको अनुप्रवाह प्रसारण लगायतका प्रक्रियालाई एकीकृत रूपमा हेरिनेछ।

अध्ययनबाट प्राप्त निष्कर्षले घटनाको वास्तविक प्रकृति र जलवायु परिवर्तनसँगको सम्बन्धबारे वैज्ञानिक आधार प्रदान गर्नुका साथै आगामी दिनमा हिमाली क्षेत्रमा उत्थानशील विकास, पूर्वाधार योजना र विपद् जोखिम न्यूनीकरणका लागि महत्त्वपूर्ण आधार तयार गर्ने मन्त्रालयको अपेक्षा छ ।रासस

## एकदिवसीय मान्यता

# जोगाउन नेपाललाई चुनौती

आइसिसी विश्वकप क्रिकेट लिग–२ को जारी संस्करणमा नेपालको खराब प्रदर्शनपछि नेपाल क्रिकेट सङ्घ (क्यान)ले गरेको कप्तान परिवर्तनको निर्णय सही दिशातर्फ गएको देखिन थालेको छ । क्यानले गत साउनमा रोहितकुमार पौडेललाई कप्तानबाट हटाउँदै सन्दीप लामिछानेलाई एकदिवसीय टोलीको नेतृत्वको जिम्मेवारी दिएको थियो।

अन्तरराष्ट्रिय क्रिकेटमा निरन्तर उत्कृष्ट प्रदर्शन, चर्चित विदेशी व्यावसायिक क्रिकेट लिगको अनुभवलगायत कारण कप्तानमा सन्दीपको पुनरागमन सम्भव भयो । क्यानले एकदिवसीय टोलीमा कप्तानमात्र नभई केही खेलाडीसमेत परिवर्तन गरेको थियो । कप्तानमा नियुक्त भएलगत्तै उहाँको सामु सर्वाधिक ठूलो चुनौती थियो, एसिसी एसिया कपमा छनोट हुनु।

नयाँ र पुराना खेलाडी मिश्रित टोली व्यवस्थापनको चुनौतीबीच पनि सन्दीपले दुईवटै भूमिकामा उत्कृष्ट प्रदर्शन गर्नुभयो। उहाँ नेतृत्वको नेपालले एसिसी प्रिमियर कप २०२६ मा कुल छ खेल खेल्यो । जसमा नेपालले पाँचमा जित र एक खेलमा मात्र पराजय व्यहोयो । समूह विजेताको हैसियतामा टोलीले सेमिफाइनलमा स्थान बनाएको थियो। सेमिफाइनलमा पनि सानदार प्रदर्शन गरेर नेपालले सहजै फाइनलमा स्थान सुरक्षित गर्यो।

फाइनल खेलमा नेपालले युनाइटेड अरब इमिरेट्स (युएई)लाई ४४ रनले हराउँदै उपाधिमात्र जितेन दोस्रोपटक एसिया कपमा पनि स्थान बनायो । नेपालले एसिया कपको यात्रा गर्नुमा कप्तान लामिछानेको भूमिका प्रमुख रह्यो । उहाँले बलिङमा हरेक खेलमा विपक्षी टोलीविरुद्ध दबाब राख्नुभयो ।सन्दीपले प्रतियोगिताको छ खेलमा २.९८ को सानदार इकोनमी रेटमा सबैभन्दा बढी १७ विकेट लिनुभयो । टोलीको सफलतामा निर्णायक प्रदर्शन गर्नुभएका कप्तान लामिछाने प्रतियोगिताकै 'सर्वोत्कृष्ट खेलाडी' घोषित हुनुभयो । उहाँ एकदिवसीय ढाँचाको एसिसी प्रिमियर कपमा लगातार दोस्रोपटक 'सर्वोत्कृष्ट खेलाडी' चयन हुनुभएको हो।

कप्तान लामिछानेले सन् २०२३ को संस्करणमा पनि उक्त अवार्ड प्राप्त गर्नुभएको थियो । उहाँले यसपटक व्यक्तिगत प्रदर्शनमात्र नभई कप्तानको भूमिका पनि कुशलतापूर्वक निर्वाह गर्दा नेपालले उपाधि जित्न सफल भएको राष्ट्रिय क्रिकेट टोलीका पूर्वखेलाडी दीपेन्द्र चौधरीको भनाइ छ । 'एसिसी प्रिमियर कपमा नेपालको नतिजा कप्तानमा सन्दीप सफल देखिएको प्रमाण हो । उहाँले जुन प्रकारले टोलीको नेतृत्व गरिरहनुभएको छ, त्यसले अरू खेलाडीलाई पनि मद्दत पुगिरहेको छ', चौधरीले रासससँग भन्नुभयो, 'प्रतियोगितामा सन्दीपले बलरको सही सदुपयोग गर्नुभयो। टोलीमा धेरै नयाँ खेलाडी हुँदा पनि उहाँको कप्तानी उत्कृष्ट रह्यो। आगामी प्रतियोगिताहरूमा पनि यस्तै नतिजाको आशा छ।'

क्यानको खेलाडी छनोट समितिका पूर्वसंयोजकसमेत रहनुभएका चौधरीले एसिसी प्रिमियर कपमा अन्य खेलाडीको प्रदर्शन पनि उत्कृष्ट रहेको बताउनुभयो । टोली एकढिक्का भएर खेल्दा सकारात्मक नतिजा आउने उल्लेख गर्दै उहाँले दबाबमा पनि खेलाडीले धैर्य भएर खेल्दा नेपालले उपाधि जितेको बताउनुभयो।

'सन्दीपको उत्कृष्ट कप्तानी त रह्यो नै टोलीको सफलतामा अरू खेलाडीको प्रदर्शनलाई पनि नजरअन्दाज गर्न मिल्दैन । बसिर अहमद, करण केसी, गुलशन झा, आसिफ शेख, अर्जुन कुमाललगायतको प्रदर्शन पनि टोलीले उपाधि जित्नमा अहम् रह्यो', चौधरीले भन्नुभयो।

उहाँले अब सन्दीपसामु आइसिसी विश्वकप लिग–२ को अन्तिम श्रृङ्खलामा उत्कृष्ट नतिजा ल्याउनुपर्ने चुनौती रहेको बताउनुभयो । नेपाली टोली अहिले एकदिवसीय मान्यता जोगाउन तालिकाको शीर्ष छभित्र पर्नैपर्ने दबाबमा छ।

'नेपालले अब विश्वकप लिग–२ को जारी चक्रमा एउटा श्रृङ्खलामात्र खेल्न बाँकी छ । जुन सिरिजमा हामीले ओमान र क्यानडाको सामना गर्नेछौँ । यी दुई टोलीको पछिल्लो प्रदर्शन हेर्दा त्यति उत्कृष्ट छैन । एसिसी प्रिमियर कप जितेकाले नेपाली टोलीमा आत्मविश्वास उच्च छ । नेपालले त्यसको फाइदा उठाउन सक्छ', पूर्वखेलाडी चौधरीले भन्नुभयो।

ताजा अवस्थामा नेपाल विश्वकप लिग–२ तालिकाको सातौँ स्थानमा छ । नेपालले ३२ खेल खेल्दा १९ मा हार र ११ खेलमा जित निकालेको छ । नेपालले दुई खेलमा भने अङ्क बाँडेको छ । शीर्ष ६ मा परेर एकदिवसीय मान्यता जोगाउन नेपालले अब कम्तीमा तीन खेल जित्नुपर्ने समीकरण बनेको छ । नेपालले लिग–२ को अन्तिम श्रृङ्खला आगामी अक्टोबरमा खेल्ने तालिका छ।रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# आजबाट कृष्णभीरमा दुईतर्फी सडक सञ्चालन हुने

**चितवन।**
कृष्णभीरमा नयाँ 'ट्र्याक' खोलेर बिहीबार बिहानदेखि दुईतर्फी यातायात सेवा सञ्चालन गरिने भएको छ।
त्रिशूली बाढीबाट सडकको तल्लो भाग बगाएपछि त्यस ठाउँमा राजमार्ग भदौ १४ गते यातायात सेवा सञ्चालन गर्न नमिल्ने गरी भासिएको थियो । सडक भासिएपछि पूर्णरुपमा अवरुद्ध बनेको सो राजमार्ग भदौ १८ गतेदेखि नजिकै रहेको ढिस्कोलाई काटेर नयाँ ट्र्याक खोलिएको हो।
नागढुङ्गा–मुग्लिन सडक योजना (पश्चिम खण्ड)का इन्जिनियर धीरज ढकालका अनुसार बुधबार साँझसम्ममा सबै काम सकिने छ । बुधबार नै ग्राबेल र नालीको काम भइरहेको छ।
उनले भने, 'साँझसम्ममा हामी सबै काम सक्छौँ, स्थानीय बेनिघाट रोराङ गाउँपालिकाले सडकमा 'फ्लडलाइट' जडान गर्दैछ। यससँगै रातिमा सवारी सञ्चालन गर्न सहज हुनेछ।'
पूर्वाधार विकास मन्त्रालयले जारी गरेको सूचनामा बिहीबार बिहान ६ बजेदेखि पूर्णरुपमा यातायात सञ्चालन गरिने जनाइएको छ। नदी कटानबाट करिब १ सय ०० मिटर सडक क्षतिग्रस्त भई यातायात अवरुद्ध भएकोमा मन्त्रालयले आवश्यक जनशक्ति, उपकरण तथा स्रोतसाधनको अधिकतम परिचालन गरी नयाँ ट्र्याक निर्माण तथा सडक पुनःस्थापनाको कामलाई अन्तिम चरणमा पु¥याएको सूचनामा जनाइएको छ।

## एसएसबी महानिरीक्षक उज्जवलद्वारा
# रक्सौलका सीमा चौकी निरीक्षण, सुरक्षा व्यवस्थामा जोड

**मधेशदृष्टि**
**रक्सौल।**
भारतीय सशस्त्र सीमा बल (एसएसबी)का महानिरीक्षक निशित कुमार उज्जवलले बिहारको रक्सौलस्थित ४७औँ वाहिनी एसएसबीअन्तर्गतका विभिन्न सीमा चौकीको दुईदिने निरीक्षण भ्रमण गरेका छन्। भदौ ३० र ३१ गते भएको भ्रमणका क्रममा उनले सीमा सुरक्षा, परिचालन व्यवस्था तथा निर्माणाधीन संरचनाको स्थलगत निरीक्षण गर्दै तैनाथ सुरक्षाकर्मीलाई आवश्यक निर्देशन दिएका छन्।
भ्रमणको पहिलो दिन असोज ३० गते महानिरीक्षक उज्जवल ४७औँ वाहिनीअन्तर्गतको बाह्य सीमा चौकी हरपुर पुगेका थिए। त्यहाँ उनले सीमा क्षेत्रमा कायम सुरक्षा व्यवस्थाको निरीक्षण गर्नुका साथै परिचालनसम्बन्धी अवस्थाबारे जानकारी लिएका थिए । उनले सीमा सुरक्षामा खटिएका सुरक्षाकर्मीसँग उनीहरूको व्यक्तिगत तथा ड्युटीका क्रममा देखिएका समस्या र कठिनाइबारे समेत जानकारी लिएका थिए।
त्यसपछि उनी धुपवाटोला सीमा चौकी पुगेका थिए । त्यहाँ आयोजित सैनिक सम्मेलनमा सहभागी हुँदै महानिरीक्षक उज्जवलले सीमा सुरक्षामा खटिएका बलकर्मीले निर्वाह गरिरहेको भूमिकाको प्रशंसा गरे। उनले अनुशासन, समर्पण र जिम्मेवारीबोधका साथ आफ्नो कर्तव्य निर्वाह गर्न सुरक्षाकर्मीलाई निर्देशन तथा प्रेरणा दिएका थिए।
सैनिक सम्मेलनपछि सीमा चौकीमा सामूहिक भोज (बडा खाना) आयोजना गरिएको थियो। महानिरीक्षक उज्जवलसमेत सहभागी भएको उक्त कार्यक्रममा सुरक्षाकर्मीसँग प्रत्यक्ष अन्तरक्रिया गरिएको थियो । भ्रमणको दोस्रो दिन ३१ गते महानिरीक्षक उज्जवल सेनुवरिया सीमा चौकी पुगेका थिए। उनले त्यहाँ निर्माणाधीन भवनको स्थलगत निरीक्षण गरी निर्माण कार्यको प्रगतिको जानकारी लिए। भवन निर्माणको अवस्थाबारे जानकारी लिएपछि उनले सम्बन्धित पक्षलाई आवश्यक निर्देशनसमेत दिएका थिए।
निरीक्षणका क्रममा उनले सेनुवरिया चौकीमा तैनाथ सुरक्षाकर्मीसँग भेटघाट गरी उनीहरूले गरिरहेको कामको प्रशंसा गरेका थिए। साथै सीमा सुरक्षामा खटिएका जवानको मनोबल उच्च राख्दै जिम्मेवारीप्रति थप समर्पित भएर काम गर्न हौसला प्रदान गरेका थिए। एसएसबी महानिरीक्षकको भ्रमणका क्रममा ४७औँ वाहिनी एसएसबीका द्वितीय कमान अधिकारी तथा कार्यवाहक कमान्डेन्ट सञ्जय रावतसहित वाहिनीका अन्य अधिकारीहरूको समेत उपस्थिति रहेको थियो।
दुईदिने भ्रमणका क्रममा महानिरीक्षक उज्जवलले सीमा चौकीको सुरक्षा तथा परिचालन व्यवस्थाको प्रत्यक्ष निरीक्षण गर्नुका साथै सुरक्षाकर्मीका समस्या सुन्ने, उनीहरूको मनोबल बढाउने र सीमा सुरक्षा संरचनाको अवस्थाबारे स्थलगत जानकारी लिने कार्यलाई प्राथमिकता दिएका थिए।



## शान्ति सुरक्षा र सुशासनलाई प्राथमिकतामा राखेर काम गर्ने प्रजिअको प्रतिबद्धता

**मधेशदृष्टि**
**कलैया।**
बाराका नवआगन्तुक प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले जिल्लाको शान्ति सुरक्षा, सुशासन र नागरिक हितलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाएका छन्। सञ्चारकर्मीसँगको परिचयात्मक भेटघाटमा अधिकारीले सीमा क्षेत्रमा हुने तस्करी, लागूऔषध कारोबार तथा मापदण्डविपरीत सञ्चालित क्रसर उद्योग नियन्त्रणमा आवश्यक कानुनी कारबाही गर्ने बताए । उनले राजनीतिक दल, सञ्चारकर्मी, सुरक्षाकर्मी र अन्य सरोकारवालासँग सहकार्य गर्दै नागरिकका समस्या तथा गुनासा प्राथमिकताका साथ सम्बोधन गर्ने बताएका छन्।
अधिकारीले प्रशासन र सञ्चार क्षेत्रबीचको समन्वयलाई प्रभावकारी बनाउँदै सूचनाको पहुँच र प्रशासनिक सेवा प्रवाह सुधारमा ध्यान दिने प्रतिबद्धता पनि जनाएका छन्।

## ग्यास बोकेको ट्रकले मोटरसाइकललाई
# ठक्कर दिंदा दुई जनाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज।**
बाराको जितपुरसिमरा उपमहानगरपालिका–२३, भलुहीस्थित सागर आयल पेट्रोल पम्पनजिकै एलपी ग्यास बोकेको ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको छ । वीरगंज–पथलैया सडकखण्डमा मंगलबार राति भएको दुर्घटनामा वीरगञ्जका एक जना र करैयामाई गाउँपालिकाका अर्का एक जनाले ज्यान गुमाएका हुन्।
प्रहरीका अनुसार मंगलबार राति करिब ८:३० बजे ना.३ ख ५६१० नम्बरको एलपी ग्यास बोकेको ट्रकले ना.४३ प ५१२२ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। ऐरोटेक ग्यास कम्पनीबाट निस्किएको ट्रक सर्भिस लेन हुँदै एक्सप्रेसवेतर्फ प्रवेश गर्ने क्रममा जितपुरबाट वीरगञ्जतर्फ जाँदै गरेको मोटरसाइकलसँग ठोक्किएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।



ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार दुवै जना गम्भीर घाइते भएका थिए । घाइतेहरूलाई तत्काल उपचारका लागि नारायणी अस्पताल, वीरगञ्ज लगिए पनि चिकित्सकले राति ९:१० बजे मृत घोषणा गरेका थिए। मृत्यु हुनेमा पर्साको वीरगञ्ज महानगरपालिका–१६, नगवाका ३५ वर्षीय रवीन्द्र उपाध्याय र बाराको करैयामाई गाउँपालिका–७ का ३० वर्षीय दिलीप चौधरी रहेका छन्।
मोटरसाइकल कसले चलाइरहेको थियो भन्ने विषयमा प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ । दुर्घटनापछि इलाका प्रहरी कार्यालय जितपुरका प्रहरी नायब निरीक्षक उमेश निरौला र इलाका प्रहरी कार्यालय सिमराका प्रहरी निरीक्षक विनोदराज खत्रीको कमाण्डमा प्राविधिकसहितको टोली घटनास्थलमा पुगेको थियो।
टोलीले घटनास्थलको निरीक्षण गरी दुर्घटनाबारे थप अनुसन्धान अघि बढाएको प्रहरीले जनाएको छ।
दुर्घटनामा संलग्न ना.३ ख ५६१० नम्बरको ट्रक र त्यसका चालक चितवनको भरतपुर महानगरपालिका–७ का ५८ वर्षीय सुनिलराज पाठकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। ट्रक र चालक इलाका प्रहरी कार्यालय सिमराको नियन्त्रणमा छन् भने दुर्घटनामा परेको मोटरसाइकल इलाका प्रहरी कार्यालय जितपुरमा राखिएको छ।
मृतक दुवै जनाको शव परीक्षणका लागि नारायणी अस्पताल, वीरगंजमा राखिएको प्रहरीले जनाएको छ। दुर्घटनाको विस्तृत कारण तथा घटनासम्बन्धी थप तथ्यबारे अनुसन्धान भइरहेको छ।

# बालिका बलात्कार...

फरार भएका राइन कतार पुगेका थिए । उनलाई इन्टरपोलमार्फत पक्राउ गरी गत २५ साउनमा नेपाल ल्याइएको थियो। पीडित बालिकाको बयानका आधारमा वडाध्यक्ष कवारीलाई पनि गत शुक्रबार धनुषा प्रहरीले पक्राउ गरेको थियो। धनुषाको धनौजी गाउँपालिकाकी १६ वर्षीया बालिकालाई १७ असार २०८२ मा घरबाटै अपहरण गरी जनकपुरका होटलमा लगेर १९ दिनसम्म बन्धक बनाई जबरजस्ती करणी गरेको अभियोग छ । घटनामा दुई जना प्रहरीसमेत संलग्न रहेको आरोप छ।
यस घटनासम्बन्धी जिल्ला अदालत धनुषामा मानव बेचबिखन, अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणीका दुई छुट्टाछुट्टै मुद्दा दर्ता छन्। ती मुद्दामा दुई प्रहरीसहित करिब एक दर्जन अभियुक्त छन् । अधिकांश अभियुक्त अझै फरार रहेको प्रहरीले जनाएको छ । मुद्दाको मिसिलअनुसार २९ चैत २०८१ मा आमा खेतमा गएको बेला घरनजिकै पसल सञ्चालन गर्ने स्थानीय ताहिर राइनले विवाहको प्रलोभन देखाएर बालिकालाई अपहरण गरेका थिए । उनलाई जनकपुर ल्याएर आफू तथा अन्य व्यक्तिले जबरजस्ती करणी गरेको र होटलहरूमा बेचबिखन गरेको अभियोग छ । बालिका पछि भागेर ज्यान जोगाउन सफल भएकी थिइन् । उनले ३ जेठ २०८२ मा जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएकी थिइन् । तर जाहेरीमाथि समयमा सुनुवाइ नभएको र अभियुक्त राइन विदेश भागेको आरोप छ।
त्यसपछि १७ असारमा बिहान करिब ४ बजे बालिका पुनः अपहरणमा परेको जाहेरीमा उल्लेख छ। बाख्रा बाँध्न घरको दैलोमा निस्किएको बेला गाडीमा पुगेका अञ्जली महरासहित तीन जनाले कपडाले आँखा बाँधेर अपहरण गरेको जाहेरीमा उल्लेख गरिएको छ।
जनकपुरको पिडारीचोकस्थित होटल सीएफसीमा दुई दिन र त्यसपछि मुरलीचोकस्थित मधेश प्रदेश गेस्ट हाउसमा १७ दिन बन्धक बनाएर होटल सञ्चालकसहितका प्रतिवादीहरूले जबरजस्ती करणी गरेको आरोप छ । ग्राहकबाट समेत पैसा लिएर जबरजस्ती करणी गर्न लगाएको अभियोगसमेत मुद्दाको मिसिलमा उल्लेख छ।
चौतर्फी दबाब र असुरक्षाका कारण बालिका घटनापछि अझै सेफ हाउसमै रहेको बताइएको छ।

# प्रसूति सेवामा बदमासीको...

अस्पतालमा कर्मचारी नियुक्ति तथा व्यवस्थापन अव्यवस्थित रहेको विषयसमेत औँल्याएको छ । अस्पतालमा कार्यरत तथा समितिबाट नियुक्त भएका कर्मचारीको उचित व्यवस्थापन आवश्यक रहेको मन्त्रालयले जनाएको छ।
अस्पतालको जनशक्ति व्यवस्थापन सुधारका लागि ८० जना अस्थायी दरबन्दी थप गर्ने प्रस्तावमा अर्थ मन्त्रालयबाट सहमति प्राप्त भइसकेको छ । प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरिने भएको छ।
त्यसैगरी, छात्रवृत्तिमा अध्ययन पूरा गरी आएका सात जना चिकित्सकलाई दुई वर्षका लागि गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालमा पठाइएको मन्त्रालयले जनाएको छ । चिकित्सक तथा कर्मचारीको नियुक्ति र व्यवस्थापनलाई व्यवस्थित बनाउन मन्त्रालयले आवश्यक परिपत्रसमेत गरिसकेको छ। मन्त्रालयले अस्पतालको सेवा प्रवाह, जनशक्ति व्यवस्थापन र प्रशासनिक प्रणालीलाई थप व्यवस्थित गर्दै यस्ता घटना आगामी दिनमा दोहोरिन नदिने जनाएको छ।
यसैबीच, आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ अन्तर्गत उपलब्ध निःशुल्क सेवा तथा सुविधाबारे सर्वसाधारणलाई जानकारी गराउन विभिन्न मातृभाषामा जनचेतनामूलक सामग्री तयार गरी प्रचारप्रसार गर्ने कामसमेत अघि बढाइएको मन्त्रालयले जनाएको छ।

नेपाल सरकार
**मनहरी गाउँपालिका**
मकवानपुर

**साधारण माटो संकलन तथा उत्खनन् कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना**
(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०१)

बागमती प्रदेश, मकवानपुर जिल्ला, मनहरी गाउँपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | नामः सिताराम मुक्तान<br>ठेगानाः मनहरी-६, मकवानपुर, बागमती प्रदेश, नेपाल<br>फोन नं. ९७४५२३४९१० |
| प्रस्तावको व्यहोरा | मकवानपुर जिल्लाको मनहरी गाउँपालिका वडा नं. ६ स्थित श्री भिम बहादुर मुक्तानको नाममा साबिक ज्यामिरे ७ / ७ङ, कित्ता न १६. भूमि प्रशासन कार्यालय हेटौडामा श्रेस्ता कायम रहेको निजी क्षेत्रबाट माटो उत्खनन् तथा संकलन गर्ने कार्य |
| प्रभाव पर्नसक्ने जिल्ला/ न.पा./गा.पा. | मकवानपुर जिल्ला मनहरी गाउँपालिका वडा नं. ६ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गनेक्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आइपुग्नेगरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ। साथै उल्लेखित समय मिति र स्थान मा सार्बजनिक सुनुवाई कार्यक्रम रहेको हुनाले उक्त कार्यक्रममा सहभागी भई आफ्नो अमुल्य रायसुझाब एवं प्रतिक्रिया प्रदान गरिदिनु हुन सम्बन्धित सबैको जानकारिको लागि यो सुचना प्रकाशित गरिएको छ।

**सार्वजनिक सुनुवाई कार्यक्रम**
स्थानः प्रस्ताव कार्यन्वयन हुने क्षेत्र, मनहरी गाउँपालिका वडा नं. ६
मितिः २०८३/०६/०९
समयः बिहानको ११ बजे
**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| **प्रस्तावकको नाम र ठेगानाः** | **परामर्शदाताको नाम र ठेगानाः** |
|---|---|
| नामः सिताराम मुक्तान<br>ठेगानाः मनहरी-६ मकवानपुर<br>फोन नं ९७४५२३४९१० | अर्किड प्लानर्स<br>भरतपुर १२, चितवन<br>फोन नं. ०५६-५११८१९<br>इमेलः orchidplanners33@gmail.com |

नेपाल सरकार
**मनहरी गाउँपालिका**
मकवानपुर

**साधारण माटो संकलन तथा उत्खनन् कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना**
(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०१)

बागमती प्रदेश मकवानपुर जिल्ला मनहरी गाउँपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | नामः इन्द्र बहादुर मुक्तान<br>ठेगानाः मनहरी-६, मकवानपुर, बागमती प्रदेश, नेपाल फोन नं ९७४५२३४९१० |
| प्रस्तावको व्यहोरा | मकवानपुर जिल्लाको मनहरी गाउँपालिका वडा नं. ६ स्थित श्री प्रेम बहादुर तामाङको नाममा साबिक ज्यामिरे ७ / ७ङ, कित्ता न १ भुमि प्रशासन कार्यालय हेटौँडामा श्रेस्ता कायम भएको निजी क्षेत्रबाट माटो उत्खनन् तथा संकलन गर्ने कार्य |
| प्रभाव पर्नसक्ने जिल्ला/ न.पा./गा.पा. | मकवानपुर जिल्ला मनहरी गाउँपालिका वडा नं. ६ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गनेक्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले सार्वजनिक सुचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आइपुग्नेगरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ। साथै उल्लेखित समय मिति र स्थान मा सार्बजनिक सुनुवाई कार्यक्रम रहेको हुनाले उक्त कार्यक्रममा सहभागी भई आफ्नो अमुल्य रायसुझाब एवं प्रतिक्रिया प्रदान गरिदिनु हुन सम्बन्धित सबैको जानकारिको लागि यो सुचना प्रकाशित गरिएको छ।

**सार्वजनिक सुनुवाई कार्यक्रम**
स्थानः प्रस्ताब कार्यन्वयन हुने क्षेत्र, मनहरी गाउँपालिका वडा नं. ६
मितिः २०८३/०६/०९
समयः बिहानको ११ बजे
**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| **प्रस्तावकको नाम र ठेगानाः** | **परामर्शदाताको नाम र ठेगानाः** |
|---|---|
| नामः इन्द्र बहादुर मुक्तान<br>ठेगानाः मनहरी-६, मकवानपुर फोन नं ९७४५२३४९१० | अर्किड प्लानर्स<br>भरतपुर १२, चितवन<br>फोन नं. ०५६-५११८१९<br>इमेलः orchidplanners33@gmail.com |

### नागरिकता दुरुपयोग गरेर राजस्व छली,

# निर्दोष युवालाई फसाउने गिरोहविरुद्ध कारबाहीको माग




**\मधेशदृष्टि**
**वीरगंज।**
अरूको नागरिकता दुरुपयोग गरी कम्पनी र बैंक खाता सञ्चालन गरेर राजस्व छली गर्ने तथा त्यसको कानुनी भार निर्दोष नागरिकमाथि थोपर्ने प्रवृत्ति बढेको भन्दै पर्सा क्षेत्र नम्बर १ का सांसद बुद्धिप्रसाद (हरि) पन्तले सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले नागरिकता दुरुपयोगबाट फसाइएका वास्तविक पीडितलाई न्याय र राजस्व छलीका वास्तविक दोषीलाई कारबाही गर्न माग गरेका हुन्।

सांसद पन्तले आफ्नो निर्वाचन क्षेत्रका विपन्न युवा पविन्द्र साह गोढको घटनालाई यसको उदाहरणका रूपमा संसद्मा प्रस्तुत गरे । उनका अनुसार सामान्य चिनजानका व्यक्तिहरूले गोढको नागरिकता दुरुपयोग गरी उनको नाममा कम्पनी दर्ता गर्नुका साथै बैंक खाता समेत खोलेका थिए। कम्पनीको पावर अफ अटर्नीसमेत उनीहरूले आफूसँग राखेको र पछि सोही कम्पनीमार्फत राजस्व छली गरिएको पन्तले बताएका छन्।

पन्तका अनुसार उक्त प्रकरणमा राजस्व अनुसन्धानबाट मुद्दा दायर भएपछि उच्च अदालत पाटनले गोढलाई तीन करोड रुपैयाँभन्दा बढी जरिवाना र ६ महिनाको कैद सजाय सुनाएको थियो । तर, आफूविरुद्ध मुद्दा चलिरहेको विषय मात्र होइन, आफ्नै नाममा कम्पनी खोलिएको, बैंक खाता सञ्चालन गरिएको तथा मुद्दामा कानुनी प्रतिरक्षा र पुनरावेदनको प्रक्रिया अघि बढेकोबारे समेत गोढ अनभिज्ञ रहेको उनले संसद्मा बताए।

मुद्दाको म्यादसमेत गुज्रिएपछि प्रहरीले उनलाई पक्राउ गरी कारागार पठाएको पन्तले बताए । उनका अनुसार आफूले कुनै राजस्व छली नगरेको अवस्थामा अरूको गतिविधिको कानुनी दायित्वसमेत नागरिकता दुरुपयोगबाट फसाइएका व्यक्तिमाथि पर्न गएको देखिन्छ । पन्तले आफ्नो निर्वाचन क्षेत्रमै यस्ता प्रकृतिका करिब आधा दर्जन घटना रहेको दाबी गरेका छन्।

नागरिकताको दुरुपयोग गरी कम्पनी तथा वित्तीय कारोबार गर्ने प्रवृत्तिले आर्थिक अपराधसँगै निर्दोष नागरिकलाई समेत कानुनी संकटमा पारिरहेको भन्दै उनले यस विषयमा प्रभावकारी छानबिन आवश्यक रहेको बताए।

उनले राजस्व छलीमा संलग्न वास्तविक व्यक्तिहरूको पहिचान गरी कारबाही गर्न तथा नागरिकता दुरुपयोगका कारण कानुनी फन्दामा परेका निर्दोष युवालाई न्याय दिलाउन सरकारको ध्यानाकर्षण गराएका छन् । पन्तले उठाएको मूल प्रश्न भनेको 'कागजमा कम्पनीको मालिक देखाइएका व्यक्तिलाई मात्र दोषी ठहर गर्ने कि वास्तविक रूपमा कम्पनी सञ्चालन र राजस्व छली गर्ने व्यक्तिसम्म अनुसन्धान पु¥याउने भन्ने हो ।' यस्तो प्रवृत्ति नियन्त्रणका लागि नागरिकताको दुरुपयोग, कम्पनी दर्ता, बैंक खाता सञ्चालन र पावर अफ अटर्नीको दुरुपयोगसम्बन्धी घटनामा गहिरो अनुसन्धान आवश्यक देखिन्छ।

### बालबालिकामा लगानी नगरे

# दिगो विकासको लक्ष्य पूरा हुँदैन: मन्त्री सिंह



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेस प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज सिंहले बालबालिका तथा विद्यार्थीमा लगानी नगरे नेपाल निर्माणको सपना र दिगो विकासको लक्ष्य पूरा हुन नसक्ने बताएका छन् । ६२औँ राष्ट्रिय बाल दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री सिंहले बालबालिकामा लगानी नगरे जुनसुकै राजनीतिक दल वा सरकार आए पनि देश विकासको लक्ष्य पूरा हुन नसक्ने स्पष्ट पारे।

उनले सामुदायिक विद्यालयलाई सबै वर्ग र समुदायको साझा विद्यालय बनाउनुपर्नेमा जोड दिए । सामुदायिक विद्यालयलाई साझा विद्यालय कसरी बनाउन सकिन्छ भन्ने दिशामा काम गर्न आवश्यक रहेको उनको भनाइ थियो । 'सामुदायिक विद्यालयलाई साझा विद्यालय बनाउने कुरा कानून बनाएर मात्र होइन, व्यवहारमै लागू गरेर पूरा गर्न सकिन्छ,' मन्त्री सिंहले भने।

मन्त्री सिंहले विगतमा मधेसले शिक्षाको ज्योति बाल्दै पहाड र हिमालसम्म पु¥याएको स्मरण गरे । त्यसबेला मधेसको अर्थतन्त्रमा समेत शिक्षाको महत्वपूर्ण प्रभाव रहेको उल्लेख गर्दै उनले शिक्षकहरूको तलब तराई मधेसका लागि नगदी आम्दानीको महत्वपूर्ण स्रोत रहेको बताए । 'हिजोका दिनमा मधेस शिक्षाको ज्योति बाल्दै पहाड हिमालसम्म पुग्थ्यो । यसले मधेसको अर्थतन्त्रमा पनि राम्रो प्रभाव पाथ्र्यो । हिजोको नगदी आम्दानी तराई मधेसका लागि शिक्षकहरूको तलब नै थियो । तर आज हामी त्यो अवस्थामा छैनौँ,' उनले भने।

कार्यक्रममा मन्त्री सिंहले पछिल्लो समय किशोर पुस्ता कुलत तथा लागुऔषधको फन्दामा पर्दै गएकोप्रति चिन्ता व्यक्त गरे । विद्यालय तथा कलेज सञ्चालनमा आए पनि त्यहाँ आउने किशोरकिशोरीलाई कुलत र लागुऔषधबाट जोगाउने दिशामा शिक्षकहरूले समेत भूमिका निर्वाह गर्नुपर्ने उनको भनाइ थियो । आउँदो पुस्तालाई सही दिशामा डो¥याउन शिक्षकहरूले नैतिक शिक्षा दिनुपर्नेमा जोड दिँदै उनले सामाजिक तथा राजनीतिक परिवर्तनमा विगतमा गुरुहरूको महत्वपूर्ण भूमिका रहेको र अहिले पनि देशलाई गुरुहरूको सही मार्गदर्शन आवश्यक रहेको बताए।

कार्यक्रममा हाजिरी जवाफ, वादविवाद सहितका प्रतियोगिताहरुको आयोजना समेत गरिएको थियो।

कञ्चनवन बाल क्लवका अध्यक्ष निकिता यादवको अध्यक्षतामा भएको कार्यक्रममा भंगहाका नगर उपप्रमुख शान्ति सिंह, भंगहा ९का वडाध्यक्ष राजाबाबु यादव, गुड नेइवर्स इन्टरनेसनल नेपालका मूल्यांकन तथा अनुगमन अधिकृत किरण श्रेष्ठ, तारा घिमिरे सहितको उपस्थिति रहेको थियो।

### गुठी जग्गा कब्जाको आरोप तथ्यहीन

# र भ्रामक: निलार्जुन इन्जिनियरिङ कलेज




**मधेशदृष्टि**
**जनकपुरधाम।**
निलार्जुन इन्जिनियरिङ कलेजले आफूले गुठी वा सरकारी जग्गा अवैध रूपमा कब्जा गरेको भन्ने आरोप तथ्यहीन र भ्रामक भएको दाबी गरेको छ । कलेज प्रशासनले विज्ञप्ति जारी गर्दै नेपाल सरकार, शिक्षा मन्त्रालयको पहल तथा मन्त्रिपरिषद्को निर्णयअनुसार सम्बन्धित गो.प्र. विद्यालयबाट विधिवत् रूपमा लिजमा प्राप्त करिब १० बिघा जग्गामा कलेज सञ्चालन हुँदै आएको जनाएको हो।

कलेजका अनुसार उक्त जग्गामा विगत २५ वर्षदेखि करोडौँ रुपैयाँ लगानी गरी भौतिक पूर्वाधार निर्माण गरिएको छ । सोही पूर्वाधारमा नियमित पठनपाठन सञ्चालन हुँदै आएको र कलेजको छात्रावासमा विद्यार्थीहरू बसोबास गरी अध्ययन गरिरहेको विज्ञप्तिमा उल्लेख छ । पछिल्लो समय कलेजले गुठीको जग्गा अवैध रूपमा कब्जा गरेको तथा जग्गा प्रयोगविहीन रहेको आशयका समाचार तथा सामाजिक सञ्जालमा सामग्री सार्वजनिक भएको भन्दै कलेजले आपत्ति जनाएको छ । ती सामग्रीले कलेजको वास्तविक अवस्था नसमेटेको कलेजको दाबी छ।

जग्गासम्बन्धी विषयलाई लिएर आफूलाई 'अभियन्ता' बताउने एक समूहले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको कलेज प्रशासनले जनाएको छ।

उक्त मुद्दा करिब पाँच वर्षसम्म न्यायिक प्रक्रियामा रहेको र सर्वोच्च अदालतले करिब पाँच महिनाअघि रिट खारेज गरिसकेको कलेजको दाबी छ । कलेजले जग्गा प्राप्ति, लिज तथा त्यससम्बन्धी सरकारी निर्णयका आवश्यक कानुनी कागजात आफूसँग सुरक्षित रहेको जनाएको छ । सर्वोच्च अदालतको फैसलाको प्रमाणित प्रतिलिपिसहितका कागजात आवश्यक परे सम्बन्धित सरकारी निकाय तथा सरोकारवालासमक्ष प्रस्तुत गर्न तयार रहेको कलेज प्रशासनले जनाएको छ।

कलेजले सार्वजनिक सरोकारका विषयमा सञ्चारमाध्यमले प्रश्न उठाउने अधिकारको सम्मान गर्ने जनाएको छ।

तर, शैक्षिक संस्थाको प्रतिष्ठा, विद्यार्थीको भविष्य र शैक्षिक गतिविधिमा प्रत्यक्ष असर पार्ने विषयमा समाचार सम्प्रेषण गर्दा सम्बन्धित पक्षको धारणा तथा आधिकारिक कागजात र प्रमाणसमेत अध्ययन गर्न आग्रह गरेको छ । अनुमान, हल्ला वा अपुष्ट स्रोतका आधारमा एकपक्षीय समाचार सम्प्रेषण गर्दा विद्यार्थी, अभिभावक, शिक्षक तथा कर्मचारीसँगै संस्थाको प्रतिष्ठामा समेत असर पर्न सक्ने कलेजको भनाइ छ।

कलेजले विद्यार्थी तथा अभिभावकलाई सामाजिक सञ्जाल, ब्लग तथा अन्य माध्यममा प्रकाशित अपुष्ट सामग्रीका आधारमा धारणा नबनाउन आग्रह गर्दै आवश्यक जानकारीका लागि कलेज प्रशासनबाट आधिकारिक सूचना लिन अनुरोध गरेको छ । तथ्यहीन तथा प्रमाणविहीन आरोपमार्फत संस्थाको प्रतिष्ठामा आँच पु¥याउने कार्य निरन्तर भए कानुनी उपचार तथा सम्बन्धित निकायमार्फत आवश्यक प्रक्रिया अघि बढाउने अधिकार सुरक्षित रहेको पनि कलेजले जनाएको छ।

कलेज प्रशासनका आधिकारिक प्रवक्ता सुनिल कुमार झाले जारी गरेको विज्ञप्तिमा सञ्चारकर्मी, नागरिक समाज, विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवालालाई हल्लाभन्दा प्रमाण र तथ्यका आधारमा धारणा बनाउन आग्रह गरिएको छ।

### घरमै पेस्तोल देखाएर २४ वर्षीय

# युवकलाई लगेको आरोप, प्रहरी चौकी घेराउ




**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको बलान बिहुल गाउँपालिका–४, बेल्हीमा घरमै सुतिरहेका २४ वर्षीय अभिनन्द यादवलाई पेस्तोल देखाउँदै आएको समूहले जबर्जस्ती लगेको आरोप लागेपछि आफन्त तथा स्थानीयवासीले प्रहरी चौकी घेराउ गरेका छन् । युवकलाई घरबाटै लगिएको भनिएको घटनामा प्रहरीले तत्काल खोजी तथा आवश्यक पहल नगरेको भन्दै उनीहरूले मंगलबार बेल्हीस्थित प्रहरी चौकीमा पुगेर आक्रोश व्यक्त गरेका हुन्।

परिवारका अनुसार सोमबार राति करिब १२ बजेको समयमा ६–७ जनाको समूह अभिनन्दको घरमा पुगेको थियो । उक्त समूहले परिवारका सदस्यलाई पेस्तोल देखाउँदै सुतिरहेका अभिनन्दलाई नियन्त्रणमा लिएर आफ्नो साथमा लगेको उनका काका अमोद यादवले बताएका छन्।

अभिनन्दलाई घरबाटै लगिएको जानकारी प्रहरीलाई गराए पनि तत्काल खोजी तथा आवश्यक कदम नचालिएको आफन्तको गुनासो छ।

घटनापछि चिन्तित बनेका परिवारजन तथा स्थानीयवासी मंगलबार प्रहरी चौकी पुगेका थिए । उनीहरूले अभिनन्दको अवस्था तत्काल सार्वजनिक गर्न र उनको खोजी कार्यलाई तीव्रता दिन प्रहरीसमक्ष माग गरेका छन् । गाउँमै प्रहरी चौकी र सशस्त्र प्रहरीको बीओपी हुँदाहुँदै घरबाटै युवकलाई लगिएको भनिएको घटनाले सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न खडा गरेको वडाध्यक्ष लक्ष्मीनारायण झाले बताएका छन्। उनले घटनाको निष्पक्ष छानबिन गरी अभिनन्दको अवस्था सार्वजनिक गर्न तथा घटनाको वास्तविकता बाहिर ल्याउन प्रहरीसँग आग्रह गरेका छन्।

यता, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले अभिनन्द यादवको खोजी भइरहेको बताएका छन् । उनका अनुसार प्रारम्भिक रूपमा प्राप्त सूचनामा अभिनन्द भारतमा गम्भीर प्रकृतिको अपराधमा संलग्न रहेको र भारतीय प्रहरीले उनलाई नियन्त्रणमा लिएर गएको भनिएको छ । यद्यपि, भारतीय पक्षबाट अभिनन्दलाई नियन्त्रणमा लिइएको भन्ने सूचना हालसम्म पूर्ण रूपमा पुष्टि भइनसकेको प्रहरीले जनाएको छ । घटनाको वास्तविक अवस्था पत्ता लगाउन नेपाली प्रहरीले सम्बन्धित पक्षसँग समन्वय गरिरहेको प्रवक्ता घिमिरेले बताए।

घरमा पेस्तोलसहितको समूह पुगेको र अभिनन्दलाई जबर्जस्ती लगिएको भन्ने परिवारको दाबीबारे भने प्रहरीलाई औपचारिक जानकारी प्राप्त नभएको प्रवक्ता घिमिरेले स्पष्ट पारेका छन् । युवकलाई कसले, कुन उद्देश्यले र कुन परिस्थितिमा घरबाट लगेको हो भन्ने विषय अझै खुल्न सकेको छैन। अभिनन्दको अवस्थाबारे परिवार तथा स्थानीयवासीमा बढ्दो चिन्ताबीच प्रहरीले घटनाको सत्यतथ्य सार्वजनिक गर्नुपर्ने दबाब बढेको छ।

### मोटरसाइकलको ट्याङ्कीमा फल्स बटम

# बनाएर ९.५ किलो चरेस तस्करी, भारतीय पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको वीरगंज महानगरपालिका–१७, अलौबाट सशस्त्र प्रहरीले मोटरसाइकलको ट्याङ्कीभित्र फल्स बटम बनाएर लुकाइएको अवस्थामा करिब ९.५ किलो चरेसजस्तो देखिने पदार्थ बरामद गरेको छ । लागूऔषध ओसारपसारका लागि अपनाइएको नयाँ शैलीको पर्दाफास गर्दै सशस्त्र प्रहरीले एक जना भारतीय नागरिकलाई नियन्त्रणमा लिएको हो।

सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म अलौबाट खटिएको गाडी मोबाइल टोलीले मंगलबार शंकास्पद रूपमा आउँदै गरेको भारतीय नम्बर प्लेटको मोटरसाइकल रोकेर जाँच गर्ने क्रममा ट्याङ्कीभित्र लुकाइएको उक्त पदार्थ फेला पारेको जनाएको छ । प्रहरीका अनुसार मोटरसाइकलको ट्याङ्कीभित्र विशेष संरचना अर्थात् फल्स बटम बनाएर २१ वटा पोकामा प्याक गरिएको अवस्थामा अन्दाजी ९.५ किलो चरेसजस्तो देखिने पदार्थ बरामद भएको हो । तस्करीमा प्रयोग गरिएको मोटरसाइकलसँगै एक थान मोबाइलसमेत बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको



छ । बरामद लागूऔषध, मोटरसाइकल तथा अन्य सामग्रीसहित एक जना भारतीय नागरिकलाई नियन्त्रणमा लिइएको सशस्त्र प्रहरी बलले जानकारी दिएको छ । नियन्त्रणमा लिइएका व्यक्ति तथा बरामद सामग्री आवश्यक अनुसन्धान र कानुनी कारबाहीका लागि वडा प्रहरी कार्यालय श्रीपुर, पर्सामा बुझाइएको छ । सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण हेडक्वार्टर पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाले उक्त जानकारी दिएका हुन् । बरामद पदार्थको वास्तविक प्रकृति तथा घटनामा संलग्न व्यक्तिको भूमिकाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन